मिति २०७९/८/१३ गतेको कार्यपालिका बैठक निर्णय

निर्णय नं. १) नेचासल्यान गाउपालिकाको आ.व. २०७९/०८० को पहिलो चौमासिकको सार्वजनीक सुनुवाई निम्न मितिमा संचालन गर्ने निर्णय गरियो ।

**पालिका स्तरीय**

मिति : २०७९ मंशिर २० गते स्थान : नेचासल्यान गाउपालिका समय : बिहान ११ बजे

निर्णय नं. २) नेचासल्यान गाउपालिकाको आ.व. २०७९/०८० मा संचालनका निम्ति छनौट गरिएका योजना तथा कार्यक्रमहरुको मिति २०७९ पौष १५ गतेभित्र उपभोक्ता समिति गठन सम्पन्न गर्ने तथा उपभोक्ता समिति गठनको १५ दिन भित्र योजना सम्झौता गरि गरिसक्ने तथा तोकिएको समयावधि भित्र कार्य शुरु नगरिए उपभोक्ता समिति निष्कृय गरि पुन उ. स. गठन गर्ने ।

निर्णय नं. ३) नेचासल्यान गाउपालिका वडा नं. ४ पुरानाखानी (कोशीडाँडा) र वडा नं. १ देबीथान डाडामा नेपाल टेलिकमको रिपिटर टावर निर्माणको निम्ति नेपाल टेलीकममा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४) नेचासल्यान गाउपालिका क्षेत्रभित्रका जग्गाहरुको जग्गा बर्गिकरणका निम्ति मालपोत कार्यालय/नापी कार्यालय सल्लेरी, सोलुखुम्बसँग समन्वय गरि भू-बर्गिकरण कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ५) गाउपालिकाको व्याक हो लोडर पुरानो भएको तथा मेशिनमा दैनिक रुपमा समस्या आउने गरेकोले व्याकहोलोडर निर्माण कम्पनि वा Service Center, काठमाण्डौमा लगि पूर्ण सर्भिसिङ गर्ने निर्णय गरियो ।

निर्णय नं. ६) नेचासल्यान गाउकार्यपालिकाको प्रशासनिक भवन नेचासल्यान गाउपालिका वडा नं ३, बिहिबारे बजार स्थित नेचासल्यान गाउपालिकाको स्वामित्व (साविक नेचाबेतघारी गाविसको नाममा रजिष्ट्रेशन पास) रहेको जग्गामा निर्माण गर्ने, उक्त भवनको निर्माणका निम्ति माटो परिक्षण लगायत बिस्तृत लागत तयारी (DPR), को प्रक्रिया अगाडि बढाउने तथा उक्त कार्यको निम्ति पूजिगत शिर्षक : प्रशासनिक भवन निर्माण शिर्षकमा बिनियोजित रकमबाट रु १० लाख बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७) प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को लागि गाउपालिका भित्र मतदाता शिक्षा कार्यक्रम संचालन गर्न मिति २०७९/०७/१८ गतेबाट निर्वाचन कार्यालयबाट खटिएका ५ जना मतदाता स्वयंसेवकहरुको पारिश्रमीक (निर्वाचन आयोगको आग्रह र परिपत्र अनुसार) प्रति स्वयं सेवक रु १२,०००। का दरले हुने जम्मा रकम ६०,०००। रकम चालुखर्च अन्तर्गत अनुगमन मूल्यांकन शिर्षकमा बिनियोजित बजेटबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ८) केदार माध्यमिक बिद्यालयको मिति २०७९/५/१७ च.नं. ९६/०७९ को माग सम्बन्धमा मिति २०७९/०८/१२ गते कार्यालय र बिद्यालय बिच गरिएको सहमति स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९) नेचासल्यान गाउपालिका वडा नं. ४ मा निर्माणाधिन थुलडुसामा भवनको डिपिआर गर्नुपर्ने भएको हुँदा उक्त योजनाको नाममा बिनियोजन भएको बजेट मध्ये रु ३ लाखबाट उक्त भवनको बिस्तृत लागत अध्ययन (डिपिआर) गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०)** नेचासल्यान गाउँपालिका विहिबारे बजार आसपासको क्षेत्र (हिमाल दर्शन मा.वि.-केदार मा.वि., गैरी बजार-सिएमसि भवन) बीच क्षेत्रको सरसफाई कार्य तथा बजारको फोहोर ट्राक्टरबाट लोड अनलोड सहित हप्ताको २ पटक नेचासल्यान गाउँपालिका वडा नं. ४ फुर्के स्थित डम्पिङ साइटसम्म ढुवानी गरी लान आ.व. २०७७/०७८ देखि नै फोहोरमैला संकलन तथा व्यवस्थापनको कार्य गर्दै आएका व्यवसायी नेचासल्यान गाउँपालिका वडा नं. ३ निवासी श्री सुमन राईसँग निजको निवेदनको आधारमा वार्षिक रु. ४,२५,०००।- अक्षरेपी चार लाख पच्चिस हजार मात्रको सम्झौता गरी फोहोरमैला संकलन तथा व्यवस्थापनको कार्य गर्ने तथा उक्त कार्यको लागि सम्मानित गाउँसभाबाट पूर्वाधार विकासः फोहोरमैला व्यवस्थापन शिर्षकमा विनियोजित बजेटबाट खर्च लेख्ने गरी सम्झौता गर्ने/गराउने निर्णयो गरियो ।

**निर्णय नं. ११)** नेचासल्यान गाउँपालिकाको स्वीकृत दरबन्दी अन्तर्गत रिक्त निम्न पदहरुमा स्थायी पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोग, विराटनगरमा माग गर्ने निर्णयो गरियो ।

स्थानीय तह : नेचासल्यान गाँउपालिका, नेचावेतघारी, सोलुखुम्बु ।

| क्र. सं. | माग पदको नाम | तह | सेवा, समूह, उपसमूह | यस आ.व.को माग नयाँ पद सिर्जना वा रिक्त भई माग गरिएको संख्या | कुल माग संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | रिक्त | | |
| १. | इन्जिनियर | ६/७ औ | इन्जिनियर, सिभिल | रिक्त | १ | कोन्ज्योसोम गा.पा. ललितपुर सरुवा |
| २. | सहायक | ५ औ | प्रशासन, सा.प्र. | रिक्त | २ | नयाँ माग |
| ३. | प्रा.स. | ५ औ | शिक्षा, शि.प्र. | रिक्त | १ | सिद्धिचरण न.पा. ओखलढुंगा सरुवा |
| ४. | सहायक | ५ औ | कृषि, कषि प्रसार | | १ | नयाँ माग |
| ५. | सहायक | चौथो | कृषि, कृषि प्रसार | | १ | नयाँ माग |
| ६. | सहायक | चौथो | प्रशासन, सा.प्र. | रिक्त | ३ | विराटनगर महानगरपालिका र हलेसी तुवाचुङ न.पा. सरुवा |
| ७. | सहायक महिला विकासि नरीक्षक | चौथो | विविध | रिक्त | १ | नयाँ माग |
| | कूल जम्मा | | | | | ९ |